# बरेङ गाउँपालिका भित्रका पर्यटकिय क्षेत्रहरू र यसको महत्व ।

बरेङ गाउँपालिका नेपालको गण्डकी प्रदेश अन्तर्गत बागलुङ जिल्लामा रहेको छ । बरेङ गाउँपालिकामा साविकको धुल्लुबास्कोट, हुग्दिशिर, बाटाकाचौर, सल्यान र सुखौरा गा.वि.स. समावेश गरि भएको हो । यस गाउँपालिकामा हाल ५ वटा वडाहरू कायम गरिएको छ । बरेङ गाउँपालिकाको पूर्वमा जैमिनी नगरपालिका, पश्चिममा गुल्मी जिल्ला, उत्तरमा गलकोट नगरपालिका र दक्षिणमा गुल्मी जिल्ला पर्दछ ।

बरेङ गाउँपालिकामा रहेको बरेङ भन्ने स्थानमा नियमित रूपमा मेला लाग्ने गरेको छ । बरेङ भन्ने स्थान अग्लो डाँडामा रहेकोले भर्याङ्ग जस्तो भौगोलिक धरातल पार गरेर भङ्ज्याङ जानुपर्ने भएकोले "भरेङ्ग" नामबाट अपभ्रंस भई बरेङ भन्ने नाम रहन गएको भन्ने स्थानीय पाकाहरूको भनाई रहेको छ ।

यस गाउँपालिकामा थुप्रै पर्यटकीय स्थल र मन्दिरहरू भएता पनि प्रमुख वा मुख्य रूपमा कौडेको लेक, भातेपोखरा डाँडा, छहरेखोला झरना र साग्दि सत्यवती मन्दीर गणनामा आईरहेका छन ।

## १. साग्दि सत्यवती मन्दीरका दृश्यहरू र यसको महत्व ।










यस मन्दिर बरेङ गाउँपालिकाको वडा नं ३ मा रहेको छ । यस मन्दिरमा रहेकी देवी बहिरी भएको र उनले नसुन्ने भएकोले ठूलो आवजमा बोलेर आफूले चाहेको कुरा माग्ने गरिन्छ । यहाँ मंसिरको देवाली पूर्णिमाको दिन यस मन्दिरमा धार्मिक मेला लाग्ने गर्दछ र प्रत्येक पूर्णिमामा पूजा-आजा गर्ने गरिन्छ । यस मन्दिरमा यस जिल्लाका अलावा छिमेकी जिल्लाहरू गुल्मी, पर्वत, कास्की, रूपन्देही, पाल्पा, अर्घाखाँची, स्याङ्जा, म्याग्दी लगाएत नेपालका विभिन्न जिल्लाहरूबाट समेत श्रद्धालुहरू आउने गरेको छन् । यस मन्दिरको परिसरमा रहेको एउटा ढुंगाको विचमा सदावार एकनास पानी रही रहने र कहिल्यै नसुक्ने कुवा रहेको छ ।

## २. कौडेको लेक





यस कौडेको लेक बरेङ गाउँपालिकाको वडा नं २ मा रहेको छ । यो वडा नं २ को तङग्राम, ठुला दले र सिग्दी गाउँ सगै जोडिएको र पुर्वी भाग छिमेकी जिल्ला गुल्मीको सिमनासँगै जोडिएको छ ।जहाँ बालचर्तुदशिको पाँचौ दिनमा भिकुम पूर्णिमामा ठुलो धार्मिक मेला लाग्ने गरेको छ । यहाँ देविको मन्दिर (शक्ति पिठ) रहेको छ । यस स्थानमा प्राचिन समयमा भुरे राजाहरुको बास्थान रहेको र अहिले पनि केहि केहि अवशेस बाँकी रहेको पाइन्छ । यस लेकमा विभिन्न किसिमका जडिवुटी जस्तै टिमुर, कालिकाफल, सिकारी लहरा, बोझो, असुरो, बाको जस्ता थुप्रै जडिवुटी यस लेकमा पाइन्छ ।

### ३. भातेपोखरा डाँडा









यस भातेपोखरा डाँडा बरेङ गाउँपालिकाको वडा नं ३ मा पर्दछ ।वडा नं ३ को वडा कार्यलय नया बजार देखि माथि डाँडामा यस स्थान रहेको छ । यहाँ हेलिप्याडबाट समेत दृश्य हेरेर मनोरञ्जन लिन सकिन्छ भने यस डाँडाबाट विभिन्न हिम श्रृंखलाको रमणिय दृश्य अवलोकन गर्न सकिन्छ । साथै यस स्थानमा पिकनिक स्पोर्ट र NTC टावर पनि रहेको छ । यस डाँडाबाट सुर्यदयको सुमधुर दृश्यहरू पनि देख्न सकिन्छ ।

४. छहरेखोला झरना





यो छहरेखोला झरना बरेङ गाउँपालिकाको वडा नं ४ सल्यानमा पर्छ । यस झरनालाई अर्को नाम भैसेखोला झरना भनेर पनि चिनिन्छ । यो बरेङ गाउँपालिकाकै गहनाको रूपमा परिचित छ तर ओझेलमा परेको छ । पटक पटक स्थानीय सरकारले यस झरनालाई चिनाउने कोसिस पनि नगरेको होइन, तरपनि पहिलेको अवस्थामा भन्दा केही सुधार भएको स्थानीय बासीहरूको भनाइ छ । यो झरना लगभग ३०० मि अग्लो स्थानबाट झरेको छ ।